
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना

## २०७४




जलेश्वर नगरपालिका

महोत्तरी जिल्ला

जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी
मधेश प्रदेश नेपाल
२०७२

२०७७/०२/२५
सुरेश साह सोनार
नगर प्रमुख

# बिषयसूची


१. परिचय ........................................................................ १

१.१ जलेश्वर नगरपालिकाको परिचय ........................................ ३

१.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्य ........ ३

१.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया ........................................ ४

१.४ लैससास परिभाषा मुख्य शब्दावलीहरु ........................................ ५

२.नगरपालिकामा लैससासको अवस्था र सन्दर्भ विश्लेषण ........................................ ८

२.१ नगरपालिकाको लैससासको अवस्था ........................................ ८

२.२ लक्षित वर्ग नक्साङ्कन ........................................ ९

२.३ सरोकारवालाहरुको बिश्लेषण ........................................ ११

२. ४ नगरपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष सुधार गर्नुपर्ने पक्ष अवसर र चुनौती विश्लेषण ........................................ १४

२. ५ नगरपालिका र वडागत रुपमा लैससासमा प्रमुख समस्या तथा सवालहरु ........ १७

२.६ नगरपालिकाको लैससास रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु ........ १८

३. जलेश्वर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु ........ १८

क दीर्घकालिन सोचः ........................................ १८

ख ध्येयः ........................................ १८

ग लक्ष्यः ........................................ १८

घ उद्देश्यहरुः ........................................ १९

४ . रणनीतिको औचित्य वा आवश्यकता ........................................ १९

५. रणनीतिक योजनाको मुल्य मान्यता तथा सिद्दान्तहरु ........................................ २०

६. लैससास मूलप्रवाहिकरणको रणनीतिहरु ........................................ २१

७. लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना ........ २२

८ . लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था ........................................ ३४


जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७२

सुरेश साह सोनार नगर प्रमुख

८.१. नगरपालिकास्तरीय लैससास कार्यान्वयन समितिको गठन ...................................... ३४
८.२. वडास्तरमा लैससास कार्यान्वयन समिति गठन .................................................. ३४
८.३. लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार ...................................... ३४
८.४. वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार ...................... ३५
८.५. वैठक, कार्यविधि र सेवासुविधा ...................................................................... ३६
८.६ सम्पर्क व्यक्ति .......................................................................................... ३६
९. लैससास रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन ...................................... ३६
९.१ आर्थिक स्रोत ............................................................................................ ३६
९.२ मानवीय स्रोत ........................................................................................... ३६
१०. अनुगमन तथा मूल्याङ्कन ............................................................................ ३७
११. सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु ................................................ ३७

जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी
मधेश प्रदेश नेपाल
२०७२

# भनाई

संविधानमा व्यवस्था भएका हक र अधिकारहरू कार्यान्वयन गरी नागरिकलाई महशुस गराउने जिम्मेवारी स्थानीय सरकारको पनि हो। संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ। महिला, दलित, बालबालिका लगायत लक्षित वर्गको सामाजिक न्याय लगायतका मौलिक हक अधिकारहरू संविधान प्रदत्त हकहरू हुन।

जलेश्वर नगरपालिकाले महिला तथा सेबा लिनबाट बन्चित रहेका व्यक्तिहरुका हकहरुको कार्यान्वयन गर्न पहल गरिसकेको छ। त्यसलाई अझ बढी प्रभावकारी बनाइ जलेश्वर नगरपालिकालाइ लैङ्गिक तथा सामाजिक समावेशी मैत्रि पालिका बनाउन जलेश्वर नगरपालिकाले यो लैससास रणानीतिक योजना बनाएको हो।

लैङ्गिक, जातीय तथा वर्गिय विभेद रहित समतामुलक न्यायपुर्ण समृद्ध पालिकाको निर्माण गर्ने दूरदृष्टि लिएर यो रणनीति तयार गरिएको हो। यो रणनीतिक योजनाले जलेश्वर नगरपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास मैत्री हुने, महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनमा पहुँच र नियन्त्रण बढाउने उद्देश्य लिएको छ। यो रणनीतिक योजनाले दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिकामा वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने उद्देश्य लिएको छ। नेपालले लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरु कार्यान्वयन गर्नु नगरपालिकाको पनि दायित्व हो। यस नगरमा सामाजिक न्याय स्थापना गर्न समेत यो रणनीतिक योजनाले मद्दत गर्नेछ।

यो रणनीतिक योजना निर्माण गर्न नेतृत्व गर्ने कार्यदल,रणनीति निर्माणमा खट्नु भएका नगरपालिकाका पदाधिकारी, कर्मचारी र प्राविधिक सहयोग गर्ने प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रका राष्ट्रिय बिज्ञ टोली प्रमुख राजु खनाल र स्थानीय बिज्ञ कमलेश सिंहलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। लैससासमैत्री नगरपालिका निर्माणमा यस योजनाको महत्वपूर्ण भूमिका हुने विश्वास लिएको छु र यसका लागि सबै सरोकारवालाहरूको सकारात्मक योगदानको अपेक्षा गर्दछु।

................

नगर प्रमुख

## १. परिचय

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ। साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति,

जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको; विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, बोक्सी, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था; योजना छनौटमा महिला, बालबालिका तथा पिछड्एिका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ। यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रवर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यो "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति" तयार गरिएको छ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर जटील प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ। पहिलो प्रश्न म कहाँ छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष्य र अपेक्षित उपलव्धीको निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराऊछ। यस जलेश्वर नगरपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरुवाट हुने कार्यक्रमहरुले आआफ्नो ढंगवाट लैङ्गिक समनता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम आयोजनाका लागि समेत मार्गदर्शन हुने गरि यस जलेश्वर नगरपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएको छ। यो रणनीतीका प्रमुख उपयोगकर्ताहरु जलेश्वर नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकासका साझेदारहरु तथा गैह्सरकारी संघ संस्थाहरु हुनेछन्।

## १.१ जलेश्वर नगरपालिकाको परिचय

जलेश्वर नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ का अनुसार कुल १०६०७ घरधुरी को १३,६८५ परिवारमा कुल जनसंख्या ६३ ५०१ जसमा पुरुष ३१,६२० र महिला ३१,८८१ छन। अल्पसंख्यकको रुपमा डोम, हलखोर, सिलौटे, चमार, धोबी, हजाम, धुनिया, पासवान, कायस्थ, राजपुत, हलुवाई र मलाहहरु रहेका छन्। जातियताको दृष्टिकोणबाट हेर्दा यस नगरपालिकामा भूमिहार जातीको वाहुल्यता छ त्यसपछि दोश्रोमा सुडी तथा तेश्रोमा मुस्लिम रहेका छन। नगर पाश्वाचित्र २०७७ अनुसार, ३३४३ घरधुरीहरु अति गरीवमा पर्दछन् जसमा बढी मात्रामा चमार, मुसहर, डोम, हलखोर, दुशाध, हजाम, नुनीया, धुनिया, खत्वे, कुर्मी पर्दछन् र उनिहरु ज्याला मजदुरी गर्दछन्, जसको घरघडेरी छैन, साहुमहाजन वा सार्वजनिक जग्गामा वसोवास गर्दछन् अनि उनिहरु शिक्षा र चेतनाबाट समेत टाढा छन। सीप भएकाहरु पनि पुँजिको अभावमा आफ्नो सीपको उचीत प्रयोगका लागि अवशर पाएका छैनन। सेवाग्राही को लागि १ वटा जिल्ला अस्पताल, ६ वटा स्वास्थ्य चौकी र ३ वटा आधारभूत स्वास्थ्य केन्द्र लगायत केहि निजि स्वास्थ्य संस्थाहरुले पनि सेवा दिदै आईरहेका छन्। यस नगरपालिकामा १ वटा नमुना मा.वि, ९ वटा मा.वि र १९ वटा आधारभुत विद्यालय र १५ वटा मदरसा रहेका छन। शिक्षा र चेतनाको अभावले गर्दा परम्परागत रुढीवादी मुल्य मान्यता कायम रहेको छ। त्यसैगरी गरीव, दलित, विपन्न, मुस्लिम समुदायमा वाल विवाह, वहु विवाह र अनमेल विवाहको प्रचलन यद्यपि विद्यमान छ।

यस नगरपालिकामा सामाजिक सम्पत्तिमा जातिय हिसावले सवैको प्रतिनिधित्व भएको देखिए पनि महिलाहरुको भने सहभागिता न्युन देखिएको छ। शिक्षा, जनचेतना र सामाजिक मूल्य मान्यताको कारण महिलाहरु पछाडि परेका छन। राज्य शक्तिमा सबै जातजातिको पुरुषहरूको पहुँच छ तर महिलाको पहुँच कम मात्रामा छ। अन्य जातिहरुको तुलनामा पारिवारिक निर्णय प्रक्रियामा पुरुष जनजातीको वाहुल्यता छ।

## १.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको माध्यमबाट नगरपालिकाले तर्जुमा गर्ने नीति, कानून तथा योजना, संस्थागत संरचना, मानव संशाधन तथा क्षमता विकास तथा सेवा प्रवाहका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी समावेशी लोकतन्तत्रलाई संस्थागत गर्दै सामाजिक न्याय कायम गर्नुका साथै राज्यका सबै संयन्त्रहरूमा सम्पूर्ण तह वा वर्गका

नागरिकको समतामुलक पँहुच स्थापित गर्नु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजनाको मुख्य उद्देश्य रहेको छ।

रणनीतिक योजनाका विशेष उद्देश्यहरु निम्न लिखित रहेका छन।

क) नगरपालिकामा लैससास सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्ने।

ख) नगरपालिकाको योजना तर्जुमा प्रकृयालाई लैससासमैत्री बनाउने।

ग) नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने।

घ) नगरपालिकाको नीति, कानून, संरचना, कार्यक्रम, योजनाका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

ङ) सरोकारवालाहरु बिच लैससासको बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वियनमा सहयोग गर्ने ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धताहरु, कार्य योजनाहरु तथा दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न सहयोग गर्ने।

छ) लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै स्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था गर्ने।

### १.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया

जलेश्वर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना नगरपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवाला विच गरिएको परामर्शबाट तयार पारिएको हो। कार्यपालिकाका पदाधिकारीहरु र कर्मचारीहरुवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणानीतिक योजना निर्माणमा अग्र भूमिका निर्वाह गरेको छ। नगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरु अवलम्वन गरिएको छ।

क) दस्तावेज अध्ययनः कार्यपालिका बाट तोकिएका सदस्य तथा कर्मचारी र विज्ञ टोलीले नेपालको संविधान, १५ औ पञ्चवर्षिय योजना, स्थानीय सरकार संचालन ऐनमा भएको लैससास सम्वन्धि प्रावधानहरु, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्दताहरु, लैङ्गिक समानता नीति २०७७, स्थानीय सरकारको समावेशीकरण नीति २०७८, मधेस प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, वार्षिक प्रगती प्रतिवेदन, आदी अध्ययन गरियो।

ख) मुख्य सरोकारवालावाट जानकारी : नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, महिला तथा वालवालिका शाखा, सामाजिक विकास शाखा र न्यायिक समितिका साथै

लैससासको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरुसंग अन्तवार्ता र छलफल गरी जानकारी संकलन गरियो।

ग) परामर्श कार्यशालाः नगर प्रमुख, उपप्रमुख सहित कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, लक्षित समुहका प्रतिनिधिहरुको उपस्थितिमा १ दिने लैसाससको बारेमा छलफल तथा लैससासको पालिका र वडा स्तरीय कार्यान्वयन समिति गठन गरियो ।२ दिने कार्यशाला गोष्ठीको आयोजना गरियो।उक्त कार्यशालामा समुहगत छलफलबाट नगरपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरुको नक्साङ्कन गरी प्राथमिकिकरण गरियो।

घ)लक्षित वर्ग केन्द्रित छलफलः कार्यशाला गोष्ठीको छलफल र समुहगत कार्यवाट प्राथमिकिकरणमा परेका तिन बटा लक्षित समुहहरुसंग (अपाङ्गता भएका व्यक्ति, दलित महिला) छलफल गरियो।समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको वारेमा जानकारी संकलन गरियो।

ङ) मसौदा प्रस्तुतिकरण बैठकः माथि उल्लेख भए बमोजिमका विधिद्वारा प्राप्त सुचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीति योजना बारे नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिईएको थियो।

१.४ लैससास परिभाषा – मुख्य शव्दावलीहरु

क) "नगरपालिका" भन्नाले जलेश्वर नगरपालिका सम्झिनु पर्छ।

ख) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुष वीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

ग) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समुहहरुलाई विकास निर्माण र कार्यसम्पादन प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

घ) "लैससास" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बुझ्नुपर्दछ।

ङ) "योजना" भन्नाले समग्र विकास निर्माण सम्बन्धि कार्यको लागि तयार गरिएको नगरपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, विषयगत क्षेत्रगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ।

च) **"लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट"** भन्नाले महिला, विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा ज्येष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ।

छ) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

ज) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ।

झ) **"बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवम भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, ज्येष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा वसोवास गर्ने जनता सम्झनु पर्दछ।

ञ) **"सिमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसवाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सिमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

ट) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायवाट वञ्चित महिला पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूहलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ।

ठ) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।

जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७२

सुरेश साह सोनार
नगर प्रमुख

ड) **"लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू तथा पिछडा वर्ग एवम नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम समुदाय सम्झनु पर्छ।

ढ) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय सरकारको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, अपांगता भएका व्यक्ति, वालवालिका तथा ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्वोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।

ण) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनावद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

त) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

थ) **"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई बुझाउंदछ।

द) **"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम पुरुष कति लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।



नगरपालिका ... जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७३.

ध) **"सशक्तीकरण"** भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सवल बनाउने कार्यलाई सम्झनु पर्दछ।

## २.नगरपालिकामा लैससासको अवस्था र सन्दर्भ विश्लेषण

### २. १ नगरपालिकाको लैससासको अवस्था

जलेश्वर नगरपालिकाले विगत वर्ष देखि नै समुदायमा पछाडी पारिएका वा परेका समुदायहरु जस्तै मुस्लिम, दलित, आदिवासी जनजाती, पिछडा वर्ग, सिमान्तकृत महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित महिलाहरु लगायतलाई विकासको समग्र प्रकृयामा मुलप्रवाहीकरण गर्ने प्रयास निरन्तर रहेको छ।जलेश्वर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैससासलाई प्रवर्द्दन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गरेको छ।महिला, घरेलु तथा अन्य हिंसा न्यूनीकरण गर्न विशेष संरक्षणको आवश्यकता भएका हिंसा पिडित महिलाको उद्धार र संरक्षण गरेको छ।वार्षिक योजना तथा बजेट विनियोजन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि छुट्टै शीर्षकमा बजेट विनियोजन गर्ने गरेको छ।साथै आर्थिक रुपले विपन्न लगायत नागरिकको संरक्षण, सशक्तीकरण, सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरु रहेका छन।

नगरपालिकामा महिलाको सामाजिक, आर्थिक तथा शारीरिक विकासको लागि नेतृत्व क्षमता विकास तालिम, कानूनी सचेतता कार्यक्रम, विविध दिवसहरु मनाउने गरेको छ।समुदाय स्तरमा गठन हुने समिति उपसमिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चितता गरिएको छ।प्रजनन स्वस्थ्य तथा पोषण कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन।जतिय हिसावले विविधता रहेको सबै आदिवासी जनजाति, दलित लगायत अन्य जातजातिको मौलिक संस्कृति र परम्परालाई संरक्षण गर्दै समाजको समविकासको मान्यतालाई आत्मसाथ गर्दै आएको छ।

नगरपालिका भित्र रहेका विपन्न तथा गरिब परिवारको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि नगरपालिकाले विभिन्न सीप विकास तथा आयआर्जनका कार्यक्रमहरु गर्दै आएका छन।महिला उधमशिलता विकासको लागि सीपमूलक तालिम संचालन गरिएको छ। त्यस्तै जेष्ठ नागरिकको सम्मान र अवश्यक सहयोग कार्यक्रमहरु पनि गरिएको छ।



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल १०७२

सुरेश प्रसाद सोनार नगर प्रमुख

२.२. लक्षित वर्ग नक्साङ्कन

जलेश्वर नगरपालिकाको प्रोफाईल अध्ययन, बस्तुस्थिति विश्लेषण, कार्यशाला गोष्ठि, मुख्य सुचनादाताहरु संगको अन्तरवार्ता, लक्षित समूहसंगको छलफल र अन्तरकृयावाट यस नगर पालिकाको लक्षित समुदाय र लैससास सँग सम्वन्धित सवालहरु निम्न रहेका छन।

| क्र.स | लक्षित वर्गको प्राथमिकिकरण | समस्या/ तथा सवाल |
|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्ति<br>पूर्ण अपाङ्ग १९१ जना<br>अति असक्त २६३ जना<br>कुल जनसंख्या-४५४ | • अपाङ्गताको वास्तविक पहिचान नहुनु<br>• अपाङ्गताको मैत्री भौतीक संरचना नहुनु<br>• क्षमता अनुसारको रोजगारीका अवसरहरुको अभाव<br>• पूर्ण आपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाह तथा स्याहार गर्नुपर्ने हुँदा परिवारको सदस्य व्यस्त भइ आर्यआर्जन गर्न कठिनाई<br>• सहायक सामाग्रीको सहजै उपलव्धता नहुनु |
| २ | मधेसी महिला | • आयआर्जनको स्रोतमा न्युन पहुँच तथा नियन्त्रण<br>• घरेलु तथा लैङ्गिक हिंसा<br>• निर्णायक तहमा न्युन सहभागिता<br>• जनचेतनाको अभाव<br>• बिभिन्न खालका तन्त्र मन्त्रको आरोप<br>• प्रजनन् स्वस्थ्यमा समस्या<br>• समाजिक बिभेद, बाल बिबाह, दाईजो, शैक्षिक अनमेल बिबाह |
| ३ | मुस्लिम समुदायका महिला (१०,१३१) | • पारिवारिक तथा समुदाय स्तरको निर्णायक तहमा न्युन सहभागिता<br>• घरेलु हिसा<br>• बिभिन्न खालका तन्त्र मन्त्रको आरोप<br>• शिक्षामा न्यून पहुँच |



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नपाल २०७३

सुरेश साह सोनार
नगर प्रमुख

| | | |
|---|---|---|
| | | • बालबिबाह, वहुविवाह, जनचेतनाको अभाव |
| ४ | दलित समुदाय | • आर्थिक अभाव, गरिवी<br>• स्रोत र साधनमा न्युन पहुँच<br>• निर्णय प्रकृयामा न्युन सहभागिता<br>• वेरोजगारी<br>• सुचनाको अभाव<br>• शिक्षमा न्यून पहुँच साथै बालवालिकामा विद्यालय छोड्ने समस्या<br>• जनचेतनाको अभाव, बालविवाह, वहुविवाह,<br>• सामाजिक विभेद, दाईजो |
| ५ | विपन्न वर्ग | • गरिव तथा आर्थिक अभाव<br>• बसाईको स्थायीत्व नहुने<br>• बालबालिका बिद्यालय जना बाट वञ्चित<br>• लैङ्गिक हिंसा<br>• बैदेशिक रोजगारी, पशुपालन, खेतबटाई<br>• सरसफाई तथा फोहोर मैला व्यवस्थापन |
| ६ | जेष्ठ नागरीक (२०५३), एकल महिला (६७३) र अशक्त (५९४) | • पारिवारीक बोझको सामना<br>• स्वस्थ्य परिक्षणमा समस्या<br>• एक्लोपन<br>• नैरास्यता |
| ८ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक (९) | • राज्य प्रदत अधिकारबारे जानकारीको अभावमा आफ्नो पहिचान गराउन नसक्नु<br>• सामाजिक विभेद |



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७३

सुरेश साह सोनार नगर प्रमुख

| | | |
|---|---|---|
| | | • आर्थिक अभाव<br>• जिविकोपार्जनमा समस्या<br>• सेवा सुविधा उपलब्ध भएपनि पहुँच नभएको |

## २.३ सरोकारवालाहरुको बिश्लेषण

लैससासको रणनीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्नको लागि बिभिन्न सरकारी तथा गैर सरकारी दातृ साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक संस्थाहरू नै मुख्य सरोकारवाला हुन। नगरपालिका क्षेत्रमा लैससास रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न निम्न बमोजिमका सरोकारवालाहरू रहेका छन।

| क्र.स | लैससासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला | लैससास मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य |
|---|---|---|
| १ | जलेश्वर नगरपालिका | • लैससास सम्बन्धी नीति, रणनीति, कार्यविधि, कार्ययोजना निर्माण गर्ने<br>• लैससासको लागि आवश्यक बजेट बिनियोजन गर्ने<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने। |
| २ | लैससास कार्यन्वयन समिति | • नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयवस्तुको समावेश गरी मुलप्रवाहीकरण गर्ने<br>• योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने<br>• लैससास सम्बन्धी क्षमता अभिवृदि योजना तयार गरी लागु गराउने<br>• लैससास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने। |
| ३ | न्यायिक समिति | • नगरपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्दाहरुमा सम्बन्धीत निकायमा सिफारीस गर्ने<br>• सबै वडातहमा मेलमिलाप केन्द्र संचालन गर्ने। |
| ४ | महिला,वालवालिका तथा जेष्ठ नागरिक शाखा | • लैससास सम्बन्धी वनेका रणनीतिको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित वर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने<br>• लैससासको शीर्षकमा विनियोजन भएको बजेटको |

| | | |
|---|---|---|
| | | समयमा नै खर्च गर्ने<br>• लैससासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रवद्दानहरु र प्रतिवद्दताहरुवारे कर्मचारी तथा पदाधिकारीहरुलाई सचेतिकरण गरी कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने। |
| ५ | वडा समिति | • वडातहको लैससास सम्वन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यस्थापन गर्ने<br>• योजना छनोट प्रकृयामा महिला तथा लक्षित वर्गसंग छुट्टा छुट्टै छलफल गरी उनिहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने<br>• टोल स्तरमा लैससास सम्वन्धी सचेतना कार्यक्रम गर्ने। |
| ६ | इलाका प्रहरी कार्यालय | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरी पीडितलाई संरक्षण र दोषि उपर कार्वाही गर्ने। |
| ७ | नागरीक समाज (बाल क्लव, युवा क्लव, आमा समुह, गैर सरकारी संघ संस्थाहरु) | • महिला तथा बञ्चितिकरणमा परेका समूहका लागि सामाजिक परिचालनका क्रियाकलापहरुमा सहयोग गर्ने<br>• समावेशी सवालमा अवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने<br>• सामाजिक विभेद तथा कुरिती विरुद्द आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने। |
| ८ | सहकारी संघ संस्थाहरु | • महिला तथा वञ्चितिकरणमा परेका समूहहरुका लागि आर्थिक प्राविधिक र व्यावसायीक सहयोग पुर्याउने<br>• महिला तथा विपन्न समूहको उधमशिलता विकासका लागि लगानी तथा क्षमता विकास गर्ने<br>• उधमशीलता विकासको लागि लगानी गरी उत्पादित बस्तुको बजारिकरणको व्यवस्था गर्ने। |
| ९ | समुदाय | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारीको रुपमा काम |



सुरेश साह सोनार
नगर प्रमुख

| | | |
|---|---|---|
| | | गर्ने<br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्ध आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने<br>• सेवा प्रदायक निकाय, संघसंस्थाको व्यवहार, कार्यशैली एवं क्रियाकलापहरुको निगरानी गर्ने। |
| १० | जिल्ला प्रहरी कार्यालय/ जिल्ला प्रशासन कार्यालय | • हिसा पीडितको उजुरी लिने<br>• पीडितको संरक्षण गर्ने<br>• घटनाको अनुशन्धान गरी प्रमाणको आधारमा पीडक विरुद्ध अदालतमा मुद्धा दर्ता गर्ने। |
| ११ | जिल्ला अदालत | • हिंसा पीडितलाई न्याय दिने<br>• वाल, महिला तथा नागरिक अधिकारको रक्षा गर्ने। |

## २.४ नगरपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष सुधार गर्नुपर्ने पक्ष अवसर र चुनौती विश्लेषण

| सबल पक्षहरु | सुधार गर्नुपर्ने |
|---|---|
| • नगरपालिकामा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाको शीर्षकमा बजेट विनियोजन भएको।<br>• महिला हिंसा, घरेलु हिंसा तथा अन्य हिंसाका पीडितलाई संरक्षण गरी पुनउत्थानको लागि "लैङ्गिक हिंसा निवारण कोष कार्यविधि सञ्चालनमा रहेको।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई शारीरिक अवस्थाको आधारमा परिचय पत्र र सहुलियत कार्यक्रम।<br>• ज्येष्ठ नागरिक सम्मान कार्यक्रम।<br>• वार्षिक नीति तथा योजनामा लैससास सम्वन्धि विषयहरु समावेश भएको।<br>• नीतिमा महिला किशोरी वालिका लगायत लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान भएको। | • नगरपालिकामा निर्माण भएका नीति, निर्देशिका, कार्यविधिहरुको लैससास दृष्टिकोणले पुनरावलोकन गर्ने र नयाँ वन्ने नीति, कार्यविधि तथा निर्देशिकालाई लैससास मैत्री बनाउन लैससास कार्यान्वयन समिति सक्रिय हुनुपर्ने।<br>• पदाधिकारी तथा छुटेका कर्मचारीहरुले समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्वन्धी तालीम नलिएको।<br>• नगरपालिका भित्रको सरकारी विद्यालयहरुमा छात्रा तथा महिला मैत्री नहुनु शौचालय।<br>• लैससास हेर्ने छुट्टै इकाइ गठन भएको छैन।<br>• संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए |



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७२

सुरेश साह सोनार नगर प्रमुख

| | |
|---|---|
| • नगरपालिकाले गठन गर्ने उपभोक्ता समिति, विषयगत समिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व रहेको।<br>• महिला विरुद्ध हुने केहि प्रकारका हिंसा विरुद्धका कार्यक्रमका लागि बजेट विनियोजन गरेको।<br>• सुत्केरी तथा गर्भवती महिलालाई पोषण युक्त कार्यक्रम।<br>• गरिब तथा विपन्न परिवारका बालबालिकालाई निशुल्क पुस्तक तथा पोशाक वितरण तथा दिवा खाजाको वयवस्थापन।<br>• स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा आएको। | अनुरुपका प्रतिवद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन भएको छैन।<br>• योजना तथा वजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षीत वर्गको अर्थपूर्ण सहभागिता गराई त्यस वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको आधारमा योजना तथा कार्यक्रमको छनौट गर्ने।<br>• महिला विकास शाखामा दक्ष र यथष्ट जनशक्ति हुनुपर्ने।<br>• समिति, उपसमिति तथा कार्यदलमा प्रतिनिधित्व गर्ने महिला तथा लक्षित वर्गको क्षमता विकास गरी अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्ने<br>• नगरपालिकाको सबै संरचनाहरु अपाङ्गता मैत्री, महिला तथा बाल मैत्री बनाउनु पर्ने।<br>• लैससासको लागि आवश्यक खण्डिकृत तथ्यांक सङ्कलन र अभिलेखिकरण गर्नुपर्ने।<br>• महिला हिंसा, घरेलु हिंसा निवारण तथा महिलाको नेतृत्व तहमा सक्रिय तथा अर्थपूर्ण सहभागिताको लागि रणनैतिक कार्यक्रम लागु गर्नु पर्ने।<br>• महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु गर्नुपर्ने।<br>• बेरोजगार युवाहरुको पहिचान गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत रोजगारी उपलव्ध गराउनुपर्ने। |



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७३

सुरेश साह सोनार नगर प्रमुख

| | |
|---|---|
| | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा महिला तथा सबै लक्षित वर्गको सहभागिता गर्नुपर्ने।<br>• नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन प्रणालीलाई लैससास मैत्री बनाउनु पर्ने।<br>• नगरपालिकाको सम्पूर्ण संरचनागत प्रणालीमा सबै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु।<br>• स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति हुने नगरेको।<br>• स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनीक उर्जा, सुधारिएको चुलो, आदिगर्न प्रयोग को गर्ने प्रोत्साहन संचालन आयोजनाहरू नभएको ।<br>• प्रजनन् स्वास्थ्य सम्वन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यन्वयन गरेको छैन।<br>• महिला हकहित र अधिकार सम्वन्धी बेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमूखीकरण |



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७२

सुरेश साह सोनार
नगर प्रमुख

| | |
|---|---|
| | नगरिएको। |
| **अवसरहरु** | **चुनौतीहरु** |
| • नगरपालिकालाई आफ्नो आवश्यकता अनुसार सङ्घीय तथा प्रदेशको कानून सँग नबाझिने गरी नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यान्वयनको अधिकार।<br>• लैससासलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु।<br>• नगरपालिकाको बजेट सिमा निर्धारण समितिलाई लैससासको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु।<br>• महिला पूरुष यौनिक अल्प संख्यक तथा आप्रवासी र रैथाने कामदार विच श्रमको ज्यालामा विभेद गर्ने ऐन कानुनको व्यवस्था गरी लागु गर्न सक्ने। | • सामाजिक चालचलन र कुरीति परिवर्तनमा सकारात्मक सुधार नहुनु।<br>• विभिन्न लिङ्ग, वर्ग र जातजाति वीच व्यवहारगत विभेद हुनु।<br>• ऐन, नीर्ति तथा कानूनको व्यवहारिक कार्यान्वयन नहुँदा यथास्थितिवादि सोचमा अपेक्षाकृत परिवर्तनं नहुनु।<br>• प्रदेश तथा संघीय सरकारका नीति कानूनहरु लैससास कार्यान्वयनमा पूर्ण सहयोगी हुन नसक्नु।<br>• स्थानीय भाषामा कार्यसम्पादन नहुनु। |

२. ५ नगरपालिका र वडागत रुपमा लैससासमा प्रमुख समस्या तथा सवालहरु

१. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, कार्यविधि तथा रणनीति नहुनु।

२. नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा पदाधिकारीहरुको लैससास प्रति कम संवेदनशील रहनु।

३. नगरपालिकाको नीति, कार्यविधि, योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको कम पहुँच रहनु।

४. नगरपालिकाको सेवा प्रवाह संयन्त्र र प्रकृया लैससासमैत्री नहुनु।

५. नगरपालिकाको योजना तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान नहुनु।

६. दलित महिला, सिमान्तकृत र पिछडिएको समुदायको शिक्षामा कमी, आर्थिक अभाव, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुरीति र कुप्रथामा ग्रसित हुनु।

७. लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा नियमित रुपमा लैससास परिक्षण नहुनु।

८. नगरपालिकाको लैससास सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्कको संकलन र अद्यावधिकको अभाव हुनु।

९. नगरपालिका तथा समुदाय स्तरको निर्णायक तहमा महिला तथा लक्षित वर्गको न्युन पहुँच हुनु।

## २.६ नगरपालिकाको लैससास रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु

क) नीति कानून तथा योजना।

ख) संस्थागत संरचना।

ग) मानव संसाधन तथा क्षमता विकास।

घ) सेवा प्रवाह।

ङ) सुशासन तथा उत्तरदायित्व।

च) सुशासन तथा उत्तरदायित्व।

छ) आर्थिक तथा सामाजिक सशक्तीकरण।

## ३. जलेश्वर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु

**क दीर्घकालिन सोचः**

"न्यायपुर्ण र विभेदमुक्त, लैङ्गिक तथा समाजिक समावेशीयुक्त जलेश्वर नगरपालिका निर्माण गर्ने"

**ख ध्येयः**

सार्वजानिक जीवनमा जात वर्ग क्षेत्र लिंगका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने।

**ग लक्ष्यः**

न्यायोचित तथा समतामुलक विकासको माधमवाट वहिस्करणमा परेको वर्गलाई मुल प्रवाहमा ल्याउने।

सुरेश साह सोनार
नगर प्रमुख

घ उद्देश्यहरुः

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो। यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छनः

१. जलेश्वर नगरपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास मैत्री बनाउने।
२. महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने।
३. नगरपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्ने।
४. महिला, बालबालिका, विपन्न तथा पिछडिएको वर्गको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जवाफदेही हुनको साथै लैससास सम्बन्धी बुझाईमा एकरुपता कायम गर्न कर्मचारी तथा पदधिकारीहरुको क्षमता विकास गर्ने।
५. दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने।
६. राष्ट्रिय तथा अन्तराष्ट्रिय र सङ्घीय तथा प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिवद्धताहरु अनुरुपको दायित्व पुरा गर्ने।

४. रणनीतिको औचित्य वा आवश्यकता

जलेश्वर नगरपालिकाले महिला हिंसा तथा अन्य विभिन्न प्रकारको हिंसा न्यूनीकरण, सामाजिक कुसंस्कार विरुद्द जनचेतनामुलक कार्यक्रम तथा महिला तथा पिछडीएका वर्गको सशक्तिकरणको लागि निरन्तर रुपमा आफ्नो नीति, योजना तथा कार्यक्रममा लैससासको अवधारणा अनुसार कार्यक्रमहरु गर्दै आएको छ तथापी यसलाई थप नतिजामुखी र व्यवस्थित गर्नुपर्ने आवश्यकता छ। समुदायमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको

जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७२

सुरेश साह सोनार नगर प्रमुख

अन्त्य गर्दै समतामुलक, समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्न नगरपालिकाको नीति निर्माण, बजेट तर्जुमा र संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउन आवश्यक छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न लैससास रणनीति मार्गदर्शन हुनेछ।

## ५. रणनीतिक योजनाको मुल्य मान्यता तथा सिद्दान्तहरु

देहायका सिद्धान्तका आधारमा लैससास रणनीतिक योजना तर्जुमा गरिएको छ।

१. विभेदरहित (Non discrimination): यो रणनीति कार्यान्वयनका सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन।

२. सारभूत समानता (substantive equality): यो रणनीतिले लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ।

३. कोही पछाडि नछुटुन् (leave no one behind): यस रणनीतिले दिगो विकास लक्ष्य अनुसार कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्वन गरेको छ।

४. प्रभावकारी सहभागिता (Meaningful Participation): यो रणनीतिले नगरपालिकाको हरेक विकास कार्यक्रममा सवै लिङ्ग, वर्ग, जातजाती, क्षेत्र तथा समुदायको समावेशी समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ।

५. उत्तरदायित्व तथा जवाफदेहिता: यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा नगरपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ।

६. साझेदारीता र सहकार्य: यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि लैससास क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ।

७. शून्य सहनशीलता (Zero Tolerance): यो रणनीतिले नगरपालिका भित्र हुने लैङ्गिक तथा तथा सवै प्रकारका विभेद र हिंसाका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ।

८. कसैलाई पनि हानी नपुर्याउने (**Do No Harm**): यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अवलम्बन गरेको छ।

## ६. लैससास मूलप्रवाहिकरणको रणनीतिहरु

जलेश्वर नगरपालिकाले माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता तथा सामाजिक समावेशी पद्दती स्थापित गरी सबै नागरिकको हक हितको संरक्षण र सहभागितामुलक ढंगले समानुपतिक विकास गर्ने देहाय बमोजिमको लैससास मुलप्रवाहीकरण रणनीतिहरु अवलम्बन गरिने छ।

१. नगरपालिकामा तर्जुमा भएका विद्यमान नीति, कानून, निर्देशिका, आवधिक योजना तथा मापदण्डहरुको पुनरावलोकन गरी लैससास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ।

२. नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न लक्षित समुदायको क्षमता विकास गरिने छ।

३. नगरपालिकाको योजना तर्जुमाका सबै चरणहरुमा महिला, विपन्न, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत उत्पीडनमा परेका व्यक्ति तथा समूहहरुलाइ अर्थपूर्ण सहभिगता सुनिश्चित गरिने छ।

४. लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडिएका वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

५. नगरपालिकाको दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गलाई समान अवसर सिर्जना गर्ने, लक्षित समुदायको नेतृत्वदायी भूमिका वृद्धि गर्नुका साथै विकासको समान प्रतिफल र लाभको उपभोग सुनिश्चित गर्दै आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गरिने छ।

६. नगरपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई लैससासमैत्री बनाउन कर्मचारी, पदाधिकारी, सरोकारवाला तथा नागरिक समाजका सङ्गठनहरूको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि गरिनेछ।

७. नगरपालिकाको नीति तथा कार्यक्रम मार्फत महिला, एकल महिला, अपांगता भएका महिला, गर्भवती तथा सुत्केरी महिला, घरेलु तथा सामाजिक हिंसा पिडीत महिला, किसोरी, बालबालिका, अपांगता भएका ब्यक्तिहरु, ज्येष्ठ नागरिक, दलित, विपन्न, यौनिक तथा लैगिक अल्पसंख्यकहरुको सामाजिक सशक्तिकरण गर्न तथा जिविकोपार्जन सशक्तिकरण गर्न निर्दिष्ट कार्यक्रमहरु तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयनको लागि यथेष्ट बजेट विनियोजन गरिनेछ।



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७२

सुरेश प्रसाद सोनार नगर प्रमुख

८. नगरपालिका भित्र हुने सबै प्रकारका लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूती हुने गरी असल र सभ्य समाजको निर्माण गर्न विभन्न उपायहरु अवलम्वन गरिनेछ।

## ७. लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु (कति पटक वा कतिवटा) | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|
| लैससासको अवधारणा हासिल गर्न नगरपालिकामा तर्जुमा भएका नीति,कानून, निर्देशिका, आवधिक योजना, तथा मापदण्डहरुको पुनरावलोकन, संशोधनका साथै लैससास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ। | • लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावाली, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्ने. | आ.व ०७९/०८० सम्म | नगरपालिकाको सबैको लागि | लैससास कार्यान्वयन समिति |
| | • ऐन, कानून, नीति, कार्यविधिको मस्यौदा तयार गर्न कार्यटोली गठन गरी क्षमता विकास गर्ने | आ.व ०७९/०८० | पदाधिकारी तथा कर्मचारी | लैससास कार्यान्वयन समिति |
| | • नगरपालिकाको विद्यमान ऐन, नीति, कार्यविधि, आवधिक योजना तथा मापदण्डहरुको लैससास दृष्टिकोणले पुनरावलोकन र आवश्यकता अनुरुप संशोधन गर्ने। | आ.व २०७९/८० बाट सुरुवात गर्ने | नगरपालिकाको सबैको लागि | लैससास कार्यान्वयन समिति |
| | • नगरपालिकाले लैससास कार्यान्वयन समिति तथा वडा तहमा वडा स्तरीय | आ.व ०७९/०८० | नगरपालिकाको सबैको लागि | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा |



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७३

सुरेश प्रसाद सोनार नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | समिति गठन गरी ती समितिहरुको जिम्मेवारी तथा अधिकारहरु स्पष्टसंग निर्क्योल गरी परिचालन गरिने छ। | | | |
| | • नगरपालिकामा कुनै पनि ऐन, नीति, निर्देशिका, कार्यविधि संकलन गर्दा महिला तथा लक्षित वर्गको सुझाव संकलन गर्न व्यवस्था गर्ने | आ.व ०७९/०८० देखि | न.पा. सबै | लैससास कार्यान्वयन समिति |
| | • महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट विनियोन गर्ने। | आ.व ०७९/०८० देखि निरन्तर | महिला तथा पिछडीएका वर्गका लागि | बजेट सिमा निर्धारण समिति |
| | • नगरपालिकाले तयार गर्ने नीति, कानून, योजना तथा वजेटमा महिला तथा लक्षित वर्गको आवश्कता पहिचान गरी ती आवश्यकताहरुलाई सुनिश्चितताका साथ संम्वोधन गरिने छ। | आ.व ०७९/०८० देखि निरन्तर | महिला तथा लक्षित वर्ग | लैससास कार्यान्वयन समिति |
| नगरपालिकाको नीति निर्माण, | • आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक | आ.ब २०८०/८१ | महिला तथा लक्षित वर्ग | योजना शाखा /महिला, |



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७३

सुरेश साह सोनार
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| योजना तर्जुमा ,बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न सो वर्गको क्षमता विकास गरिने छ। | समानता तथा समावेशी विकासका लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गर्ने। | देखि | | वालबालिका तथा जेष्ठ नागरिक शाखा |
| | • महिला तथा लक्षित बर्गलाई आफ्नो हक अधिकार, पैरवी तथा नेतृत्व विकास सम्बन्धी तालिम दिने। | २०७९/८० देखी निरन्तर | महिला तथा लक्षित वर्ग | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा /प्रशासन शाखा |
| | • बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पुर्व समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छुट्टा छुट्टै छलफल गरी आवश्यकता पहिचानको आधारमा योजना छनौट गर्ने। | आ.ब २०७९/८० देखी निरन्तर | महिला तथा लक्षित वर्ग | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा/ योजना शाखा |
| | • नगरपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता गराई लक्षित समुहले छनौट गरेका योजनालाई प्राथमिकतामा राखे। | आ.ब २०७९/८० देखी निरन्तर | महिला तथा लक्षित वर्ग | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा/ योजना शाखा |
| | • नगरपालिकास्तर, वडा स्तर तथा समुदायस्तरमा | आ.व २०८०/८१ | महिला तथा लक्षित वर्ग | महिला, वालबालिका तथा |



सुरेश साह सोनार
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | गठन गरिने विभिन्न संजाल, समुह तथा समितिहरुमा महिला तथा लक्षित समुदायको ४०% प्रतिनिधित्व हुने व्यवस्था गर्ने। | देखी निरन्तर | | जेष्ठ नागरिक शाखा |
| | • समिति, उपसमिति तथा कार्यदलमा सहभागी महिला तथा लक्षित वर्गका प्रतिनिधिलाई योजना व्यवस्थापन तथा वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने। | आ.व ०८१/०८२ देखि | महिला तथा लक्षित वर्गका प्रतिनिधीहरु | योजना शाखा/ प्रशासन शाखा |
| | • लैससाको विषयलाई अगुवाई गर्ने र सम्पर्क व्यक्तिको रुपमा काम गर्ने लैससासको स्रोत व्यक्तिहरु विकास गर्दै जाने। | आ.व ०७९/०८० देखि | नगरपालिकाका सबै | प्रशासन शाखा/ महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा |
| | • लैससास सम्बन्धी बिस्तृत खण्डकृत तथ्याङ्क तयार गर्ने र नियमित अध्यावधिक गर्ने। | आ.व २०८०/८१ सम्म | नगरपालिकाका सबै | प्रशासन शाखा/ पञ्जिकरण शाखा |
| | • नगरपालिकामा कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने कर्मचारी भर्ना | आ.व २०८०/८१ सम्म | महिला तथा पिछाडिएका वर्ग | प्रशासन शाखा |



नगर कार्यपालिकाको कार्यालय, जलेश्वर, महोत्तरी, मधेश प्रदेश नेपाल, २०७३

सुरेश साह सोनार
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | नियमावली तयार गरी कार्यान्वयन गर्ने। | | | |
| | • नगरपालिकाको योजना तर्जुमा तथा छनोट भएका योजनाको जानकारी लक्षित वर्ग सम्म पुर्याउन स्थानीय सञ्चारका माध्यमवाट सम्प्रेषण गर्ने। | निरन्तर | महिला तथा पिछाडिएका वर्ग | सुचना प्रविधि शाखा |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण र लैङ्गिक उत्तदायी बजेट मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडीएका वर्गको अर्थपूर्ण सहभागिता सुनुश्चित गरिनेछ | • नगरपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण कार्यविधि वनाई कार्यन्वयन गर्ने | आ.व २०८०/८१ | महिला तथा पिछडिएका वर्ग | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा |
| | • अघिल्लो आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई चालु आ.ब पहिलो चौमासीक भित्रमा लैससास दृष्टिकोणले परीक्षण गरिने छ। | आ.व २०८०/८१ देखी निरन्तर | न.पा सबै | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा |
| | • लैङ्गिक उत्तरदायी बजेट तथा योजनालाई नगरपालिकाले आन्तरिकिकरण गरी यसको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास गर्ने। | आ.व २०८०/८१ देखी निरन्तर | न.पा सबै | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा |
| | • नगरपालिकाको योजना शाखाका कर्मचारी तथा लैससास क्षेत्रका | आ.व २०७९/८० देखी निरन्तर | न.पा सबै | प्रशासन शाखा |



सुरेश साह सोनार
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | सरोकारवालाई लैङ्गिक उत्तरदायी योजना छनौट तथा बजेट कार्यान्वयन विधि सम्बन्धी क्षमता विकास गरिने छ। | | | |
| दिगो विकास र आर्थिक समृद्दिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भुमिका बृद्दि साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चित गर्न आर्थिक सशक्तिकरणका गतिविधिहरु संचालन गरिने छ | • नगरपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवार, बेरोजगार युवा, बैदेशीक रोजगारीबाट फर्किएका पुरुष तथा महिलाको पहिचान गर्ने। | आ.व २०८०-८१ | विपन्न तथा गरिव परिवार | पंजीकरण शाखा |
| | • लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवारका परम्परागत सीप, व्यवहारीक सीप र क्षमताको अध्ययन तथा पहिचान गर्ने। | आ.व २०८०-८१ | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्रथमिकिकरण मा परेका लक्षित वर्ग सवै | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा |
| | • महिला तथा लक्षित वर्गको पहिचान भएका क्षमता तथा आवश्यकताको आधारमा सीप विकास, नेतृत्व विकास, उद्मशिलता विकास तालिम, वैङ्किङ तथा वित्तिय कारोवार सम्बन्धी शिक्षा साथै आधारभुत कानूनी क्षमता विकास गर्ने। | आ.व २०८०/८१ देखी निरन्तर | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्रथमिकिकरण मा परेका लक्षित वर्ग सवै | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • लक्षित बर्गलाई उद्यमशिलता तथा व्यवसाय संचालन गर्न आवश्यक रकम अनुदान तथा सहुलियत ऋण सहयोग गर्ने व्यवस्था गर्ने। | आ.व २०८१/८२ | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्राथमिकिकरण मा परेका लक्षित वर्ग सबै | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा |
| | • नगरपालिकाको योजनामा महिला उद्यमशिलता तथा लक्षित वर्गको व्यवसाय प्रवर्द्दन गर्ने खालका कार्यक्रम तथा आवश्यक वजेटको विनियोजन गर्ने। | आ.व २०७९/८० | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्राथमिकिकरण मा परेका लक्षित वर्ग सबै | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा /योजना शाखा |
| | • व्यवसायमा जोखिम न्यूनीकरणको लागि विमा व्यवस्थालाई अनिवार्य लागु गर्ने। | आ.व २०८०/८१ देखी | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्राथमिकिकरण मा परेका लक्षित वर्ग सबै | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा |
| | • व्यवसाय संचालन गर्ने लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा विपन्न परिवाको समुह तथा संजाल गठन गरी आफ्नो हक र आधिकरको लागि सरोकारवाला संग पैरवी | आ.ब ०८१/०८२ | व्यवसाय गर्ने सबै | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा |

| | | | | |
|---|---|---|---|---|
| | गर्न क्षमता विकास गर्ने। | | | |
| | • सिमान्तकृत समुदाय तथा बिपन्न परिवारका बालबालिकालाई प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति कार्यक्रम संचालन गर्ने | आ.ब २०७९/८० | विपन्न तथा पिछडीएका समुदायका महिला | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा /प्रशासन शाखा |
| नगरपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कनलाई लैससास मैत्री बनाउन कर्मचारी, पदाधिकारी ,सरोकारवाला तथा नागरिक समाजहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिवृद्धी गरिने छ। | • नगरपालिकाले लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी छुट्टै शिर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गर्ने। | आ.व २०७९/८० | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | प्रशासन शाखा |
| | • नगरपालिका स्तरमा लैससास सम्बन्धी मास्टर प्रशिक्षक उत्पादन गरि परिचालन गर्ने। | आ.व २०८१/८२ सम्म | महिला तथा बालबालिका शाखाको कर्मचारी | प्रशासन शाखा |
| | • कार्यालयमा हुन सक्ने विभेदपूर्ण व्यवहार, भाषाको प्रयोग र कार्यलयमा हुनसक्ने हिंसा नियन्त्रणको लागि शुन्य सहनशिलताको नीति वनाउने। | आ.व २०७९/८० | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा |
| | • कम अवसरको प्राप्ति र न्यून अनुभवको अधारमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व गर्ने | आ.व २०७९-८० | महिला तथा लक्षित वर्गका प्रतिनिधिहरु | प्रशासन शाखा |

| | | | | |
|---|---|---|---|---|
| | पदाधिकारीलाई क्षमता विकासको लागि प्राथमिकतामा राख्ने। | | | |
| | • कर्मचारी पदाधिकारी तथा सरोकारवालालाई दिगो विकास लक्ष्य, बेईजिङ घोषणा पत्र, साथै लैससास सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु सम्बन्धी क्षमता विकास गरी त्यसको आधारमा कार्यक्रम गर्ने। | आ.व २०८०/८१ | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधिकारी | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा |
| | • लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) गठन गरी संजालका प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गर्ने। | आ.व २०८०/८१ | न.पा का सबै सरोकारवाला | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा |
| | • नगरपालिकाको अनुगमन समितिले लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा | आ.व २०८०/८१ | अनुगमन समिति | प्रशासन शाखा/ योजना शाखा |

| | | | | |
|---|---|---|---|---|
| | सरोकारवालालाई पुगेको लाभ, प्रभाव र असरको विश्लेषण गर्ने। | | | |
| | • नगरपालिकामा गठन हुने बालक्लव, आमा समुह, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैससास सम्बन्धी अभिमुखिकरण गर्ने। | आ.व २०७९/८० | महिला, बालक्लबका प्रतिनिधिहरु | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा |
| नगरपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्रास गरेको अनुभुति हुने सभ्य समाजको निर्माण गर्ने | • नगरपालिका भित्रका सबै वडाका विभिन्न समुदायहरुमा विद्यमान लैङ्गिक विभेदको अवस्था, परिमाण र समाधानका उपायहरु बारे सर्वेक्षण गरी प्रतिवेदन तयार गर्ने। | आ.व २०८०/८१ सम्म | नगरपालिका सबै | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा |
| | • नगरपालिकाको पदाधिकारी/कमर्चारीलाई लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम दिने र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गर्ने। | आ.व ०८०/०८१ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • नगरपालिका भित्रका सबै सरकारी कार्यलयहरुमा लैससास सम्पर्क व्यक्ति | आ.व २०७९/८० सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |

| | | | |
|---|---|---|---|
| तोक्ने। | | | |
| • नगरपालिकाले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक हिंसा, घरेलु हिंसा, तथा सामाजिक कुरीति उन्मुलन सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्नेछ। | निरन्तर | समुदायका सबै | सुचना शाखा |
| • जलेश्वर नगरपालिका भित्र कुनै वर्ग, लिङ्ग समुदायका व्यक्तिहरु लैङ्गिक विभेदको जोखिममा छन सोको अध्ययन गरी स्थिति विश्लेषण गर्ने। | आ.व २०८०/८१ सम्म | हिंसा पिडित सबै | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा /वडा समिति |
| • सबै वडाहरुमा हानिकारक सामाजिक कुसंस्कारले पारेको असर र प्रभावका वारेमा पदाधिकारी, लैससास क्षेत्रमा कार्यरत समूह, सञ्जाल र संयन्त्रसंग समय समयमा समिक्षा गर्ने। | आ.व २०८१/८२ सम्म | हिंसा पीडित महिला तथा समुह | वडा समिति |
| • समुदाय तह देखि महिला हिंसा विरुद्धको सुचना र हिंसा भएमा कसरी उजुरी गर्ने, कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु | निरन्तर | हिंसा पीडित महिला तथा समूह | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा /सुचना प्रविधि शाखा र नगर प्रहरी |



सुरेश साह सोनार
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | स्थानीय भाषा र सबैको पहुँचमा हुनेगरी प्रवाह गर्ने। | | | |
| | • हिसां मुक्त नगरपालीका र वडा घोषण गर्न सुचक तयार गर्ने र सुचकको आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने। | आ.व २०८०/८१ | नगरपालिका सबै | लैससास कार्यान्वयन समिति/प्रशासन शाखा |
| | • समाजमा विद्यमान हानिकारक सामाजिक मुल्य मान्यता, सोच र व्यवहार परिवर्तन गर्न रणनैतिक योजना तथा कार्यक्रम तयार गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा |
| | • नगरपालीकाको अगुवाईमा सामुदायीक संघसंस्था, युवा क्लव, बाल क्लव तथा निगरानी समुहहरुको गठन तथा परिचालन गरी लैङ्गिक विभेद तथा हिंसा नियन्त्रणका लागि सो संघसस्थाहरु संग सहकार्य समन्वय गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला, वालबालिका तथा जेष्ठ नागरिक शाखा |
| | • लैङ्गिक हिंसामुक्त नगरपालिका घोषणा गर्ने। | आ.व २०८१/८२ सम्म | न.पा. सबै | नगरसभा |

## ८. लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था

लैससास मुलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरु व्यवस्था गरिने छ।

### ८.१. नगरपालिकास्तरीय लैससास कार्यान्वयन समितिको गठन

नगरपालिकास्तरीय लैससास कार्यान्वयन समितिको गठन यस प्रकार छ।

क) नगरपालिकाका प्रमुख - संयोजक

ख) उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समितिका संयोजक – सदस्य

ङ) कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका ३ जना – सदस्य

च) सामुदायिक सङ्घ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका ३ जना –सदस्य

छ) महिला,बालबालिका तथा जेष्ठ नागरिक हर्ने शाखा प्रमुख - सदस्य सचिव

समितिका पदाधिकारी तथा सदस्यहरु ९ देखि १३ जना सम्म रहन सक्नेछन।

### ८.२. वडास्तरमा लैससास कार्यान्वयन समिति गठन

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैससास कार्यान्वयन समिति गठन गरिएको छ। सो समिति मार्फत लैससास सम्वन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरसम्म पुर्याइने छ।

क) वडा अध्यक्ष -संयोजक

ख) वडा सदस्य (महिला र दलित महिला सहित) -३ जना सदस्य

ग) वडा सचिव - सदस्य सचिव

घ) अतिथिः सङ्घसंस्थाबाट आवश्यकता अनुसार -२ जना सदस्य

### ८.३. लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) लैससास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने।

सुरेश साह सोनार
नगर प्रमुख

ख) नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयवस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने।

ग) लैससास रणनीति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।

घ) योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने।

ङ) लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने।

च) लैससास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने।

छ) लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने।

ज) उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

## ८.४. वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) जलेश्वर नगरपालिकाको लैससास समन्वय समितिले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने।

ख) नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यान्वयन र अनुगमनको चरण सम्म समुदायका विपन्न वर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने।

ग) नगरपालिकाको वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने।

घ) नगरपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने।

ङ)  नगरपालिकाको वडा स्तरमा लैससास सम्बन्धि क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने।

च)  उल्लेखित कार्यहरु गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

## ८.५. वैठक, कार्यविधि र सेवासुविधा

क)  नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक त्रैमासिक रुपमा बस्ने छ तर अवश्यकता परेमा जहिले पनि बस्न सक्ने छ।

ख)  वडा स्तरीय समितिको बैठक प्रत्येक २ महिनामा बस्ने छ।

ग)  समिति र उपसमितिका वैठकहरूको कार्यविधि नगरपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ।

घ)  सेवा सुविधा नगरपालिकाको नियम बमोजिम हुनेछ।

## ८.६ सम्पर्क व्यक्ति

नगरपालिकाले लैससासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी लैससासको सवालहरुलाई सम्बोधन गर्न सहज बनाउनेछ।

## ९. लैससास रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन

### ९.१ आर्थिक स्रोत

लैससास रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु जलेश्वर नगरपालिकाको प्रमुख दायित्व हुनेछ। नगरपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा नै लैससासलाई मूलप्रवाहीकरण गर्नु पर्दछ। यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैससास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रमका बेला यस शीर्षकमा आवश्यक वजेट विनियोजन गर्ने छ। लैससास रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा वाह्य स्रोतको समेत परिचालन गर्नेछ।

### ९.२ मानवीय स्रोत

लैससास मूलप्रवाहीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार नगरपालिका स्तरीय लैससास

कार्यान्वयन समिति रहने। यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ। विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन नगर स्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ। नगरपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ। लैससास रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका शाखाले जिम्मेवारी निर्वाह गर्नेछ।

## १०. अनुगमन तथा मूल्याङ्कन

यो रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ।

१ नगरपालिका स्तरिय लैससास मुलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि ५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिने छ।

२ अनुगमन समितिमा लैससास सम्बन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ।

३ लैससास रणनीतिले लिएको ध्येय, लक्ष्य, उदेश्य र कार्ययोजना कार्यान्वयनको सूचकहरु निर्धारण गरी अनुगमन तथा मुल्याङ्कन गरिने छ। हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी रणनीतिको प्रभावकारिता, समिक्षा र आवश्यकता अनुसार संशोधन गरिनेछ।

४ अनुगमन र मुल्याङ्कन टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई पनि सहभागी गराईनेछ।

## ११. सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु

लैससास रणनीतिक योजना कार्यान्वयनमा आउन सक्ने सम्भवित जोखिम तथा सो जोखिम न्यूनीकरणका उपायहरुः-

| क्र.सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरु |
|---|---|---|
| १ | लैससास विषय नगरपालिकाको प्राथमिकतामा नपर्न सक्छ। | लैससासलाई प्रथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने। |
| २ | रणनीति कार्यान्वयन गर्न | सरोकारवाला वीचमा नियमित समन्वय बैठक |

सुरेश साह सोनार
नगर प्रमुख

| | | |
|---|---|---|
| | जिम्मेवार निकाय तथा सरोकारवाला बीच समन्वय नहुन सक्छ। | राख्ने तथा नगरस्तरमा रहेका नागरिक समाज तथा सञ्जालहरुको सहकार्यमा लक्षित समुदायका व्यक्तिहरुलाई लाभान्वित गर्न सकिने बारेमा नियमित छलफल गर्ने। |
| ३ | रणनीतिक योजना कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन। | आवश्यक आर्थिक स्रोतको व्यवस्थापन नगरपालिकाले गर्नेछ। स्रोत व्यवस्थापनका लागि नगरपालिकाले सरोकारवाला निकायहरु, संघ/संस्थाहरु, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र संग साझेदार र आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ। |
| ४ | सामाजिक विभेद तथा भेदभावजन्य व्यवहार र प्रचलन। | समाजमा विद्यमान सबै प्रकारका विभेद तथा भेदभावजन्य प्रचलन, व्यवहार र कुरीतिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भईरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ। चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ। कुनै पनि प्रकारको हिंसा, विभेद शोषण र हानिकारक अभ्यासहरुमा नगरपालिकाले शून्य सहनशीलताको नीति लिनेछ। |

नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी
मधेश प्रदेश नेपाल
२०७२

सुरेश साह सोनार
नगर प्रमुख